# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख २७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले २०७६।१।२४ गते नेपाल सरकारको नीति तथा कार्यक्रमबारे सम्माननीय प्रधानमन्त्रीले स्पष्टीकरण दिने क्रममा तथा माननीय सदस्यहरुले जिज्ञासा राख्ने क्रममा प्रयोग भएका असंसदीय शव्द अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो :

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू भियतनाम र कम्बोडियाको औपचारिक भ्रमणको सिलसिलामा सम्वत् २०७६ साल वैशाख २६ गते विहिवार त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिशमा माननीय उप प्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> विनोद के.सी.
>
> मितिः २०७६।१।२६ सचिव

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले “आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल यही २०७६।१।२९ र ३० गते हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल वैशाख २९ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी विहान ११:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव